बराहक्षेत्र नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चक्रघट्टी,सुनसरी

# औषधी खरिद सम्बन्धी दरभाउ पत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिती २०७७।११।०३ गते**

यस कार्यालयको स्वीकृत कार्यक्रम अनुसार आ.व.२०७७।०७८ का लागी औषधी तथा सर्जिकल सामानहरु खरिद गर्नुपर्ने भएको हुदाँ इच्छुक योग्यता पुगेका निर्मता फर्म सप्लायर्स वा कम्पनीहरुबाट देहाय बमोजिमका शर्तहरुको अधिनमा रही दररेट सहित रित पुर्वकको शिलबन्दी दरभाउ पत्र आव्हान गरिन्छ ।

१.दरभाउ पत्र फारम प्रथम पटक सूचना प्रकाशित मितीले १५ दिन भित्र कार्यालय समयमा रु.१०००।(फिर्ता नहुने गरी) को नगदी रसिद काटी दरभाउ पत्र दाता वा निजीको आधिकारिक प्रतिनिधिले यस कार्यालयको राजश्व शाखाबाट खरिद गर्न सकिने छ ।दरभाउ पत्र खरिद गर्नको लागी निवेदकले अध्यावधिक नविकरण गरिएको औषधी कारोवार सम्बन्धी औषधी व्यवस्था विभागबाट लिईको ईजाजत प्रमाण पत्र ,स्थाइ लेखा नम्बर,मु.अ.कर दर्ता प्रमाण पत्र र आ.व.२०७६।०७७ को कर चुक्ता पत्र समेतको प्रमाणित प्रतिलीपी संलग्न राखी लिखित निवेदन पेश गर्नुपर्ने छ ।उल्लेखित कागजात पेश नगर्ने निवेदकले दरभाउ पत्र खरिद गर्न पाउने छैन ।

२.खरिद गरेको दरभाउ पत्र फारम रित पुर्वक भरी प्रथम पटक सूचना प्रकाशित मितीले १६ औं दिन दिनको १२:०० बजे भित्र दरभाउ पत्र यस कार्यालयमा दर्ता गराइ सक्नुपर्नृ छ र दर्ता भएका दरभाउ पत्र सोही दिन दिनको २:०० बजे दरभाउ पत्र दाता वा निजको प्रतिनिधीहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । दरभाउ पत्र खोलिने दिन दरभाउ पत्र दाता वा निजको प्रतिनिधी अनुपस्थित भएमा पनि दरभाउ पत्र खोल्न बाधा पर्ने छैन ।

३.दरभाउ पत्र फारम बिक्री गर्ने र दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा उक्त कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

४.दरभाउ पत्र दाताले दरभाउ पत्र फारममा उल्लेखित सम्पुर्ण आइटमहरु पुर्ण रुपमा भर्नु पर्नेछ । कबोल गरेको दररेट अङ्क र अक्षरमा केरमेट नगरी स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । अङ्क र अक्षर फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ । कतै केरमेट वा थप घट गर्नुपर्ने भए बुझिने गरी काटी सो काटिएको र थपिएको ठाउमा दाँयाबाँया आधिकारिक व्यक्तिको दस्तखत हुनुपर्ने छ ।

६. दरभाउ पत्र दाताले शिलबन्दी दरभाउ पत्र साथ जमानत वापत कबुल गरेको रकमको ३ प्रतिशतले हुन आउने रकम यस न.पा.कार्यालयको मेगा बैङ्क नेपाल लि.चक्रघट्टी शाखामा रहेको खाता नं.०२२००१०११७४०४ मा दाखिला गरेको सकल भौचर वा दरभाउ पत्र दाखिला गर्ने अन्तिम मितीले कम्तीमा १२० दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैङ्कले यस कार्यालयको नाममा जारी गरिएको बैङ्क ग्यारेन्टी(बिडबन्ड) को सकलै पत्र दरभाउ पत्र साथ पेश गर्नु पर्नेछ ।

७.यस कार्यालयबाट सम्बन्धित फर्मको नाममा बिक्री भएको दरभाउ पत्र फारम सम्पुर्ण रुपमा भरि नआएको ,आपसमा मिलोमतो गरी दाखिला गरेको,शिलबन्दी भई नआएको ,दरभाउ पत्र सम्बन्धी कागजातमा दरभाउ पत्र दाताको सहिछाप भई नआएको,म्याद भित्र दाखिला हुन नआएको र दरभाउ पत्र आव्हानको सुचना बमोजिम जमानत वापतको रकम बैङ्क भौचर वा बिडबन्ड साथै नभएको , दरभाउ पत्र फारम बमोजिम औषधीको नमुना पेश नभएको तथा सूचनामा उल्लेखित शर्तहरु पुरा नभएको दरभाउ पत्र उपर कार्वाही गरिने छैन ।

८.औषधी मु.अ. कर (भ्याट) छुट बस्तु भएकोले मु.अ. कर समावेश नगरिएको हुदाँ मु.अ.कर बाहेकको मात्र दररेट भर्नुपर्नेछ ।

९. यस दरभाउ पत्रको मान्य अवधि ९० दिनको हुनेछ ।

१०.दरभाउ पत्र स्वीकृत भएपछि समझौता गर्दा स्वीकृत रकमको ५(पाँच) प्रतिशत हुन आउने रकममा नपुग हुने रकमको बैंक भौचर वा १ बर्षको ग्यारेन्टी (परफरमेन्स बण्ड) यस कार्यालयमा पेश गर्नु पर्नेछ ।

११.दरभाउ पत्र साथ विश्वसनिय कम्पनीका गुणस्तरयुक्त औषधी ,आफुले दिने औषधीको नाम औषधी व्यवस्था विभागमा रजिष्टर्ड भएको हुनु पर्नेछ र प्रत्येक औषधी आयात इजाजत पत्र ,उत्पादन अनुज्ञा पत्र र दरभाउ पत्र फारममा जुन साइजको औषधी माग गरिएको छ सोही साइज र डिजाइनको नमुना अनिवार्य रुपमा दरभाउ पत्र साथ पेश गर्नु पर्नेछ साथै औषधी उत्पादन गर्ने कम्पनीको नाम समेत उल्लेख गर्नु पर्नेछ ।

१२.औषधीको गुणस्तरको सम्बन्धमा प्राविधिकद्धारा गरिने परिक्षण पछि मात्र स्वीकृत गरिनेछ ।

१३.दरभाउ पत्र दाताले औषधी दिदा कार्यालयले निर्धारण गरेको समय भित्र बुझाउनु पर्नेछ ।

१४. यसमा उल्लेख नभएको अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ साथै प्रचलित कानुन बमोजिम हुनेछ । अन्य थप कुरा बुझ्नु परेमा यस नगरपालिकाको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ ।

१५. कुनै पनि कारण जनाई वा नजनाई सम्पुर्ण वा आंशिक रुपमा दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने पुर्ण अधिकार यस कार्यालयमा हुनेछ ।

## बिबरण

| सि.न. | ठेक्का न. | कामको विवरण | ल.इ. रकम( मु.अ.क.)सहित | धरौटी रकम |
|---|---|---|---|---|
| १ | ३२/०७७-०७८ | यस न.पा. अर्न्तगत रहेका स्वास्थ्य संस्थाहरुको लागी अति आवश्यकीय औषधी खरीद कार्य | १९,९३,४०४। | ६०,०००। |

सिलबन्दी दरभाउ सम्बन्धी थप जानकारीको लागी यस कार्यालयको वेब साइट www.barahmun.gov.np मा हेर्न सकिन्छ । अन्य जानकारीका लागी कार्यालयको फोन न. ०२५५५११४७ वा स्वास्थ्य शाखाका उमेश प्रसाद मेहता ९८५२०५७२०४ मा सम्पर्क गर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**